धर्मदेवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मुदेशनिश्चरे, सङ्खुवासभा

१ नं.प्रदेश, नेपाल

## हाटबजार तथा पार्किङ्ग शुल्कको बोलपत्र आह्वान सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशन मितिः-२०७८/०६/१०**

यस धर्मदेवी नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०७८।०४।१५ को निर्णयानुसार यस नगरपालिका क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको बजाहरुबाट आ.व २०७८/०७९ का लागी हाटबजार कर तथा पार्किङ्ग शुल्क ठेक्का लिन इच्छुक व्यक्ति वा फर्मलाई तोकिएको शर्तहरुको अधिनमा रहि रितपुर्वकको गोप्य बोलपत्र यस कार्यालयमा पेश गर्ने सम्बन्धी सबैको जानकारीको लागि सात (७) दिनको सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | न्युनतम रकम रु. | वोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०७८।०७९ | धर्मदेवी नगरपालिका क्षेत्र भित्र हाटबजार शुल्क (मुढे बजार , बिहिबारे बजार ,याक्खा चोक, सोमबारे बजार) तथा पार्किङ्ग शुल्क | २,१०,०००। | २,०००। | |

**शर्तहरुः-**

१. ठेक्का अवधि सम्झौता मितिदेखि **२०७९** अषाढ समान्त हुनेछ।

२. वोलपत्रदाता आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पाष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

३. आफुले कवोल गरेको अंकको नेपाली नागरिक भएमा ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत धरौटी रकम यस कार्यालयको नेपाल एस.बि.आई बैंक धर्मदेवी शाखाको धरौटि खाता नं.ग-३ ४१३२५२४०६०००१० मा रकम जम्मा गरेको बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४.जुन व्यक्ति वा फर्मको नाम बाट वोलपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नाममा वोलपत्र दर्ता गरिनेछ। अन्य व्यक्ति वा फर्मको नामबाट दर्ता गराएको वोलपत्रलाई मान्यता दिइनेछैन। बोलपत्र खरिद गर्ने व्यक्तिले नेपाली नागरकिता प्रमाणपत्रको प्रतिलिपी र फर्मले फर्म दर्ता प्रमाणपत्र, आ.व.०७७।०७८ को कर चुक्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ। साथै हुलाक सेवा, कुरियर आदि वाट पठाएको वोलपत्र स्वीकार्य हुने छैन।

५. सिलबन्दी खाममा वोलपत्र दाताको नाम र ठेगाना र सम्पर्क नम्बर स्पष्ट रुपले खामको बाहिर उल्लेख गरी खामलाई लाहाछाप गरी पेश गर्नुपर्नेछ।

६. नगरपालिकालाई बुझाउनुपर्ने राजश्व नबुझाउने व्यक्ति वा फर्मले बोलपत्र खरिद गर्न, भर्न पाउने छैन ।

७. यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र वोलपत्र फाराम धर्मदेवी नगरपालिकाको कार्यालयबाट खरिद गरी आठौ (८) दिनमा दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र भोलिपल्ट दिनको २:०० बजे देखि वोलपत्र खोल्ने कार्य हुनेछ। वोलपत्र फारम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

८.बोलपत्र खोल्दा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा खोलीनेछ, यदि बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा अड्चन हुने छैन।

९. ठेक्का कबोल रकम एकमुस्ट बुझाएमा ५ (पाच) प्रतिशत छुट दिईनेछ। यदि एकमुस्ट नबुझाई किस्ताबन्दि गरी बझाउने भएमा सम्झौता गर्दा ३३ (तेत्तीस) प्रतिशतले हुन आउने रकम, पहिलो त्रैमासिक बापत मंसिर मसान्तभित्र २२(बाइस) प्रतिशतले हुन आाउने रकम, दोस्रो त्रैमासिक बापत फागुन मसान्त भित्र २२(बाइस) प्रतिशत र अन्तिम किस्ता बापत जेठ मसान्त भित्र २३ (तेइस) प्रतिशतले हुन आउने रकम यस कार्यालयको राजश्व शाखामा वा यस कार्यालयको नेपाल एस.बि.आई. बैंकको धर्मदेवी शखामा रहेको ग-१.१ आन्तरिक राजश्व खाता ४१३९५२४१२०७००४ मा जम्मा गर्नुपर्ने छ।

१०. पर्न आएको वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११. आफुले कबुल गरेको ठेक्कामा लाग्ने कर शुल्क वोलपत्र दाताले स्वयं आफै ठेक्का रकममा थप गरि कार्यालयमा बुझाउनु पर्नेछ।

१२. ठेकेदाराले सम्झौता पत्रमा तोकिएको वस्तुहरु मात्र तोकिए बमोजिमको दर रेटमा कर दस्तुर असुल उपर गर्नुपर्नेछ। सो भन्दा बढि दस्तुर र दररेटमा असुल गर्न पाईने छैन।

१३. छुट्टा छुट्टै ठेक्काका लागि छुट्टा छुट्टै बोलपत्र फारम खरिद गर्नुपर्नेछ।

१४. वोलपत्र सम्बन्धि अन्य कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरि बुझ्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

धर्मदेवी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मुदेशनिश्चरे, सङ्खुवासभा

१ नं.प्रदेश, नेपाल

फोन: नं.०२९-४१४००६,४१४००७,४१४००८,Gmail.dharmadevimun@gmail.com,website www.dharmadevimun.gov.np

"सुन्दर समुन्नत,स्वच्छ घर ,गाउं र शहर धर्मदेवी नगरपालिकाको रहर "